मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

## स्नातक तह कानुन संकाय

प्रथम सेमेस्टर २०८३

---

विषय: नेपाली — पूर्णाङ्क: ६०  उत्तीर्णाङ्क: ३०

कोड नं.: १०२ — समय: ३ घण्टा

---

*परीक्षार्थीहरुले सकेसम्म मौलिक र आफ्नै शब्दमा प्रश्नको उत्तर दिनुपर्ने छ ।*

### समुह 'क'

तलका कुनै दुई प्रश्नको लामो उत्तर लेख्नुहोस । २x१५=३०

१. भाषिक अर्थका प्रकारहरूलाई उदाहरणसहित चिनाउँदै कानुनी सन्दर्भहरूमा ती भाषिक अर्थहरूको प्रयोग के कसरी गर्न सकिन्छ ? विभिन्न सन्दर्भका साथ चर्चा गर्नुहोस् ।

२. नेपाली भाषाको उत्पत्तिका सम्वन्धमा देखिएका विभिन्न मतमतान्तरको चर्चा गर्दै मध्यकालीन नेपाली भाषाका विशेषताहरू संग कानुनी भाषाका सन्दर्भलाई कसरी जोडन सकिन्छ । प्रस्ट पार्नुहोस् ।

३. 'परिबन्द' कथाले नेपालको तत्कालीन न्यायप्रणालीको केकस्ता कमिजोरीलाई उजागर गरेको छ ? कथा सन्दर्भका आधारमा प्रस्ट्याउनुहोस् ।

### समुह 'ख'

तलका कुनै तीन प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस । ३x१०=३०

४. भाषाको चिनारी प्रस्तुत गर्दै यसका सामाजिक, सांस्कृतिक र मनोवैज्ञानिक विशेषताहरूबारे प्रकाश पार्नुहोस् ।

५. सामान्य नेपाली र कानुनी नेपाली भाषाका विशेषताहरूको तुलनात्मक चर्चा गर्नुहोस् ।

३. नेपालको वर्तमान भाषानीतिको समीक्षा गरी न्यायपूर्ण भाषानीतिका लागि के कस्ता प्रावधान राख्न उपयुक्त रहला ? प्रस्ट पार्नुहोस् ।

७. 'नैतिक दृष्टान्त' कवितामा न्यायपूर्ण समाजको स्थापनाका लागि केकस्ता वैचारिक अवधारणाहरू प्रस्तुत गरिएको छ ? कविताका श्लोकलाई उदाहरणका रूपमा जोड्दै प्रस्ट पार्नुहोस् ।

समाप्त